# मानव अधिकार रक्षक सम्बन्धी विधेयक, २०७८[१]

**प्रस्तावना** मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपालना गर्ने प्रतिवद्धता सहित नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धी तथा सम्झौताहरूको पक्षराष्ट्र भएकोले सो अन्तराष्टिय दायित्व पुरा गर्न तथा जोखिम पुर्ण अवस्थामा कार्यरत मानव अधिकार रक्षकहरूको अधिकार र कर्तव्यको निर्धारण गर्न आवश्यक भएको तथा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित "मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र-१९९८" ले सृजना गरेको दायित्व समेतलाई स्मरण गर्दै, मानव अधिकार रक्षकको सुरक्षा, संरक्षण र दायित्वका सम्वन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१)यस ऐनको नाम"मानव अधिकार रक्षक सम्बन्धी ऐन २०७८"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगत वा संगठित वा असंगठित रुपमा मानव अधिकारको संवर्धन, प्रवर्धन र संरक्षणमा लागेका कुनै पनि नागरिक, नागरिक समुह वा संगठनलाई सम्झनु पर्छ ।

(ख) "सरकारी निकाय" भन्नाले विधायिकी कानन‍ू वा विधायिकी कानुनको अख्तियारी वमोजिम संचलित , स्थापित गैर नाफामुलक गैर सरकारी संस्था र कुटनीतिक नियोग वा परियोजना बाहेकका सबै प्रकारका संघ, संस्था वा निकाय सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले सदस्य र सचिव समेतलाई सम्झनु पर्छ ।

---

[१] इन्सेकले २०६५ सालमा नागरिक समाज संस्थाका सदस्यहरूको सहभागितामा तयार पारेको मानव अधिकार रक्षकसम्बन्धी मस्यौदा विधेयकको परिमार्जित रूप **मानव अधिकार रक्षक सम्बन्धी विधेयक-२०७८** हो । इन्सेकले तयार पारेको मस्यौदा विधेयक विभिन्न चरणमा सरोकारवालासँग छलफल गरी २०६८ सालमा इन्सेकले राष्ट्रिय मानव अधिकार आयोगमा हस्तान्तरण गरिएको थियो । नेपालको संविधान तथा कानुन अनि बदलिएको शासकीय स्वरुप अनुरुप यस विधेयकमा आवश्यक परिमार्जन गरिएको छ । देशका विभिन्न प्रदेशहरू इन्सेकले आयोजना गरेको कार्यशालाका सहभागीले दिनुभएको सुझावहरू समेटेर यो विधेयक परिमार्जन गरिएको हो । यो विधेयक लेखन अधिवक्ता टिकाराम भट्टराईले गर्नुभएको हो ।

(घ) ‘‘स्थानीय प्रशासन‘‘ भन्नाले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यलय वा संघीय वा प्रदेश प्रहरी , स्थानिय प्रहरी चौकी वा यस्तै प्रकृतिका सरकारी स्थायी वा अस्थायी सुरक्षा निकाय वा संयन्त्रसम्झनु पर्छ ।

(ङ) ‘‘स्थानीय तह‘‘ भन्नाले गाउँपालिका तथा नगरपालिकालाई जनाउनेछ । सो शब्दले महानगरपालिका, उपमहानगरपालिकालाई समेत जनाउनेछ ।

(च) ‘‘परिषद्‘‘ भन्नाले यस ऐन बमोजिम गठित मानव अधिकार रक्षक परिषद् सम्झनुपर्छ ।

(छ) ‘‘ऐन्‘‘ भन्नाले मानव अधिकार रक्षक ऐन् सम्झनुपर्छ ।

(ज) ‘‘तोकिए वा तोकिए बमोजिम‘‘ भन्नाले ऐन बमोजिम बनाएको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद दुई

## मानव अधिकार रक्षकको काम, कर्तव्य तथा अधिकार

**३.मानव अधिकार रक्षकको काम कर्तब्य तथा अधिकार :** मानव अधिकार रक्षकका देहाय बमोजिमका अधिकारहरू हुनेछन ।

(१) व्यक्तिगत वा संगठितरूपमा मानव अधिकारको संरक्षण, प्रवर्धन र पालना गर्ने गराउने ।

(२) मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने उदेश्यले प्रचलित कानून बमोजिम कुनैसंघ,संस्था वा संगठन खोल्ने वा त्यस्तो संगठनमा सहभागी हुने ।

(३) मानव अधिकार बारेका सूचना प्राप्त गर्ने वा दिने वा प्रसार गर्ने ।

(४) मानव अधिकार बारेका सिद्धान्तहरू बारेमा प्रचार प्रसार गर्ने गराउने र जनसर्मथन प्राप्त गर्न आवश्यक कार्य गर्ने ।

(५) मानव अधिकारको मान्यता विपरीत भएका वा हुन सक्ने सरकारी वा गैर सरकारी क्षेत्रका काम कारबाही र व्यवहारका विरुद्धमा सरकारको अग्रीम ध्यानाकर्षण गर्ने गराउने , भेला जम्मा हुने र शान्तिपूर्ण रूपमा विरोधका कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(६) मानव अधिकारको संरक्षण पालना र रक्षाको लागि कानूनी वा अन्य प्रकारका सहयोग गर्ने, गराउने ।

(७) मानव अधिकारका राष्ट्रिय वा अन्तर्राष्ट्रिय दायित्वप्रति सरकारलाई जिम्मेवार बनाउन आवश्यक सहयोग गर्ने वा सो प्रयोजनका लागि जनमत सृजना गर्ने गराउने ।

(८)  मानव अधिकारको हनन् भएको वा हुनसक्ने स्थानको स्वतन्त्र र सहज पहुँचका लागि सरकारी क्षेत्रको सहयोग प्राप्त गर्नु, त्यस्तो स्थानमा जाँदा आउँदा वा सूचना सङ्कलन गर्दा स्थानीय सरकारी र सुरक्षा निकायबाट सहयोग प्राप्त गर्नु ।

(९)  मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारी वा गैर सरकारी संघ संस्था वा निकायसँग मिलेर विभिन्न कार्यक्रम गर्ने गराउने ।

(१०)  मानव अधिकारको संरक्षण र संवर्धनका लागि सरकार वा अन्य सम्वद्ध निकायहरूलाई आवश्यक सुझाव दिने ।

(११) मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्रको कार्यान्वयन गर्ने गराउने कार्यमा सहयोग गर्नु गराउनु

(१२) मानव अधिकारको हनन भएका पीडितको तर्फबाट पीडित स्वयम् वा निजको परिवारको सहमतिले पीडितको मानव अधिकारको हकको संरक्षण गर्ने गराउने ।

(१३) मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेखिकरण  गर्ने गराउने  ।

(१४ ) मानव अधिकारको हनन भएको कारणवाट पीडित भएका नागरिकहरुको न्याय प्राप्तीका लागि आवश्यक पहल गर्ने ।

४. **मानव अधिकार रक्षकका कर्तव्य -** मानव अधिकार रक्षकका देहाय बमोजिमका कर्तब्य हुनेछन् ।

(१)  सबैका लागि सबै मानव अधिकारको वकालत गर्ने/ पीडितको न्यायका लागि काम गर्ने ।

(२)  प्रचलित कानुनको पालना गरी मानव अधिकार रक्षा र संवर्द्धनको कार्य गर्ने गराउने ।

(३)  पीडित पक्षको संवेदनशीलता वा गोपनीयतालाई सदैव ख्याल गरेर आफ्नो कार्यगर्ने गराउने ।

(५)  सूचना संकलन भन्दा पीडित वा घाइते वा संवेदनशील अवस्थाका व्यक्तिहरूको जीवनको सुरक्षा र राहातको कार्यलाई प्राथमिकता दिने ।

(६)  कसुर वा अपराधको सम्बन्धमा सरकारी निकायले गर्ने अनुसन्धान वा छानविन कार्यलाई सहजिकरण गर्ने ।

(७)  सुरक्षा वा अन्य कारणले जोखिममा परेका  मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि पूर्ण सहयोग गर्ने ।

(८)  मानव अधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तलाई पालना गर्ने गराउने ।

## परिच्छेदतीन

## मानव अधिकार रक्षक परिषद्

५. **मानव अधिकार रक्षक परिषद्** (१) यस ऐन बमोजिम नेपाल सरकारले मानव अधिकार रक्षक परिषदको गठन गर्नेछ ।

(२) परिषद् अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित संस्था हुनेछ । परिषदलेव्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न वा खरिद बिक्री गर्न सक्नेछ ।

(३) परिषद्मा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरू रहने छन् ।

(क) राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू मध्येबाट आयोगले मनोनयन गरेको सदस्य............................................... अध्यक्ष

(ख) विगत १५ वर्षदेखि मानव अधिकारको क्षेत्रमा निरन्तर क्रियाशील वरिष्ट अधिवक्ता वा अधिवक्ता मध्येवाट नेपाल वार एशोसिएशनवाट मनोनित एक जना ............................................सदस्य

(ग) मानव अधिकारलाई मुख्य विषय बनाई विगत १५ वर्षदेखि निरन्तर समाचार संकलन वा संप्रेषण गर्ने कार्यमा क्रियाशील पत्रकारहरू मध्येबाट नेपाल पत्रकार महासंघवाट मनोनित एक जना ..........................................................................................................सदस्य

(घ) मानव अधिकारकोक्षेत्रमा निरन्तर क्रियाशिल रही उच्च योगदान दिएको ख्याती प्राप्त मानव अधिकारकर्मीहरू मध्येबाट राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसमा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तिमा दुई महिला सहित ७ जना मानवअधिकार रक्षकहरू ....... ......................................सदस्य

(ङ) नेपाल सरकार मन्त्रीपरिषदको मानव अधिकार हेर्ने सचिव वा निजले तोकेको सहसचिव .........सदस्य सचिव

६. **पदाधिकारीको कार्यकाल** (१) आयोगका पदेन पदाधिकारीहरू बाहेक अन्य पदाधिकारीहरूको कार्यावधी नियुक्ति भएको मितिले चार वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त पदाधिकारीहरू पुन एकपटक नियुक्त हुन सक्नेछन् ।

(३) कार्य क्षमताको अभाव, नैतिक आचारण गुमाएको, भ्रष्टाचारको कसुर ठहर भएको यस ऐनको उदेश्य विपरीत कार्यमा संलग्न भएको , मानव अधिकारको उलंघन गरेको भन्ने अभियोगमा संघीय संसदको प्रतिनिधिसभाको सम्बन्धित समितिको पूर्ण बैठकको दुई तिहाई बहुमतले परिषदका सदस्यहरुलाई हटाउन सक्नेछ । यसरी हटाउदा निजलाई सफाइको समुचित मौका प्रदान गर्नु पर्नेछ ।

७. **अयोग्यता** देहाय बमोजिमका व्यक्तिहरू आयोगमा नियुक्त हुन योग्य हुने छैनन् ।

(१) मानव अधिकार उल्लङ्घनको अभियोगमा दोषी ठहर भएको,

(२) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएको ।

(३) २५ वर्ष उमेर पूरा नभएको वा ७० वर्ष उमेर पूरा भएको,

(४) कम्तीमा स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हासिल नगरेको,

(थ) नियुक्ति हुँदाका बखत सरकारी सेवामा नियुक्ति वा मनोनयन भएको ।

## परिच्छेद चार

## मानव अधिकार रक्षक परिषद्को काम, कर्तव्य र अधिकार

८. **परिषदको काम, कर्तव्य र अधिकारः परिषदको** को काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(१) मानव अधिकार रक्षकहरूको सेवाको सुरक्षाको बारेमा आवश्यक कार्य गर्ने गराउने ।

(२) मानव अधिकारको संरक्षण र संवर्धनमा खटिएका मानव अधिकार रक्षकहरूलाई कार्य क्षेत्रमा हुन सक्ने जोखिम न्युनिकरण गर्न सम्वद्ध पक्षहरूको समन्वयमा आवश्यक प्रबन्ध गर्ने गराउने ।

(३) मानव अधिकार रक्षकहरूको विवरण संकलन गर्ने र संकलित विवरणका आधारमा तोकिएबमोजिम मानव अधिकार रक्षक परिचय पत्र वितरण गर्ने ।

(४) मानव अधिकार रक्षकहरूको लागि आचार संहिता बनाइ लागु गर्ने ।

(५) कम्तीमा वर्षमा एकपटक मानव अधिकार रक्षकहरूको राष्ट्रिय स्तरको प्रतिनिनिधिमूलक भेला आयोजना गरी मानव अधिकार रक्षकहरूको कार्यस्थलको अवस्थाबारे प्रतिवेदन तयार गरी राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकारलाई प्रतिवेदन वुझाउने ।

(६) मानव अधिकार रक्षकहरूमाथि हुने दुर्व्यवहारलाई रोक्नको लागि आफैं वा अन्य कुनै मानव अधिकार रक्षकहरूसंग समन्वय गरी आवश्यक कार्य गर्ने गराउने ।

(७) मानव अधिकार रक्षकहरूको सुरक्षा नीति तर्जुमा गरी कार्यन्वयन गर्ने गराउने ।

(८) मानव अधिकार रक्षकसम्वन्धी घोषणपत्रको कार्यन्वयन गर्न राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने र सो प्रयोजनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(९)  मानवअधिकार रक्षकहरूको सुरक्षा अवस्था,सेवाको सुरक्षा ,मानव अधिकार रक्षकहरूका सम्बन्धमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरू र उनीहरूको अवस्थाबारेको वार्षिक प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघीय मानव अधिकार विशेष समाधिक्षकलाई जानकारी गराउने ।

(१०) नेपाल सरकार र राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार रक्षकहरूको सेवा र उनीहरूको सुरक्षा तथा पेशागत दक्षता अभिवृद्धिको लागि आवश्यकसहयोग गर्ने ।

(११) मानव अधिकार रक्षकहरूलाई आफ्नो कार्य क्षेत्रमा कार्यरत रहेको अवस्थामा ऐन बमोजिमको कार्य गर्नवाट बञ्चित गरिएको कारणले भएको हानि वा नोक्सानीको सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो क्षतिको सम्बन्धमा क्षतिपूर्ति भराउनका लागि राष्ट्रिय मानव अधिकारलाई आवश्यक कारबाही प्रारम्भ गर्न लेखी पठाउने ।

(१२) परिषद्लाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने र उनीहरूको सेवा शर्त तथा पारिश्रमिक सम्बन्धमा व्यवस्था गर्ने ।

## परिच्छेद पाँच

## मानव अधिकार रक्षकहरूको सेवाको सुरक्षा

**९. मानव अधिकार रक्षकहरूको सुरक्षा** (१) आफ्नो व्यवसायिक कामको सिलसिलामा मानव अधिकार रक्षकहरूलाई सबै सरकारी वा प्रशासनिक वा सुरक्षा निकाय , राजनीतिक दल र मानव अधिकार उल्लङ्घन भएको वा हुनसक्ने क्षेत्रका सम्वद्ध पक्ष र स्थानीय वासीहरूले पूर्ण सहयोग गर्नुपर्नेछ र सो सम्बन्धमा सहयोग प्राप्त गर्ने अधिकार प्रत्येक मानव अधिकार रक्षकमा निहित रहनेछ ।

(२)  मानव अधिकारको उल्लङ्घन भइरहेको वा हुनसक्ने भनि आशङ्का गरिएको स्थानमा गएर सूचना सङ्कलन वा सम्प्रेषण गर्न मानव अधिकार रक्षकले सुरक्षाको माग गरेमा सम्भव भएसम्मको-( हटाउने) सुरक्षा उपलब्ध गराउनु स्थानीय प्रशासन वा सरकारी निकायको कर्तव्य हुनेछ

(३)  मानव अधिकारको उल्लङ्घन भइरहेको वा हुनसक्ने स्थानमा जाँदा आउँदा वा घटनास्थलमा रहँदा वा घटना भइसकेको / भएको अवस्थामा त्यस्तो घटनाका सम्बन्धमा वा कुनै अध्ययन वा अनुसन्धानका सम्बन्धमा मानव अधिकार रक्षकले मागेको कानुन बमोजिमको सूचना उपलब्ध गराउनु स्थानीय तह तथा स्तरका सरकारी वा प्रशासनिक निकायको कर्तव्य हुनेछ ।

(४)  मानव अधिकार रक्षकहरूलाई व्यवसायिक कर्तव्य निर्वाह गर्दाको अवस्थामा फौजदारी अभियोगमा वाहेक गिरफ्तार गर्न पाइने छैन ।

(५) मानव अधिकारको रक्षकको हैसियतले निर्वाह गरेको मानव अधिकारसम्बन्धी कार्यका सम्बन्धमा निजका विरुद्धमा कुनै पनि अदालतमा कुनै मुद्धा चलाइने छैन र निजको इच्छा विरुद्ध साक्षी बस्न कर लगाइने छैन र सो हैसियतमा प्राप्त गरेका सूचनाहरू निजको इच्छाबेगर बाहेक सार्वजनिक गर्न बाध्य पारिने छैन ।

## परिच्छेद छ

## उपचार सम्बन्धी

**१०.उपचार सम्बन्धी हक**(१)यस ऐन बमोजिम मानव अधिकार रक्षकहरूलाई प्राप्त हक वा सुविधामा कानुन बमोजिम वाहेक कुनै वन्देज लागेको वा प्रयोग गर्न नपाएको अवस्थामा सम्बन्धित मानव अधिकार रक्षकले आफूलाई मर्का परेको विषय खोली त्यस्तो कार्य भए गरेको मितिले १ महिना भित्र सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । तर सो अवधिमा थुनामा रहनु परेको कारण दर्साइ निवेदन दिएमा थुना मुक्त भएको अवधिबा १५ दिन भित्र निवेदन दिएमा म्याद नाघेको मानिने छैन ।

(२) यसरी निवेदन प्राप्त हुन आएमा सम्वन्धित जिल्ला अदालतले विपक्षिलाई तीन दिनको म्याद दिई लिखित जवाफ लिई उपस्थित हुन कानून बमोजिम म्याद जारी गर्नेछ ।

(३) विपक्षीको लिखित जवाफ प्राप्त भएपछि वा प्राप्त हुने म्याद समाप्त भए पछि जिल्ला अदालतले मुद्दालाई प्राथमिकतामा राखी सम्बन्धित पक्षलाई यस ऐनबमोजिमको अधिकार प्रचलन गर्ने नगर्ने सम्बन्धमा निर्णय दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम अधिकार प्रचलन गराउनु पर्ने ठहर भएमा त्यस्तो आदेश सकभर चाँडो छिटो साधनद्वारा सम्बन्धित पक्षलाई पठाउनु पर्नेछ ।

(५) उपदफा ३ बमोजिमको आदेश प्राप्त गरेपछि त्यस्तो आदेश सम्बन्धित पक्षले तुरुन्त कार्यन्वयन गर्नु पर्नेछ ।

(६) यस ऐन बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा जिल्ला अदालतले प्रचलित कानुन बमोजिम जिल्ला अदालतलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।

(७) यो ऐन बमोजिम कुनै व्यक्ति वा पदाधिकारीहरूलाई कुनै कारवाही भएको कारणले मात्र प्रचलित कानून बमोजिमको कारबाही गर्न वाधा पुगेको मानिने छैन ।

**११.अन्तरकालिन आदेश** उपदफा १ बमोजिम प्राप्त निवेदनमा जिल्ला अदालतले आवश्यकता अनुसार एक पक्षीय सुनुवाइ गरी आवश्यकता अनुसारको अन्तरकालिन आदेश जारी गर्न वा दुवै पक्षको कुरा सुनी अन्तरकालिन आदेश जारी गर्न सक्नेछ । यसरी एक पछिए सुनुवाई गरी गरिएको अन्तरकालिन आदेशबाट मार्का पर्ने पक्षले त्यस्तो आदेश बदर गरी पाँउ भनि निवेदन दिएमा अदालतले यस अघी दिएको

आदेश खारेज गर्न वा संसोधन गर्न सक्नेछ । तर लिखित जवाफ प्राप्त भई सकेको भएमा मुद्धाको अन्तिम किनारा गर्न यो दफाले वाधा पुर्याएको मानिने छैन ।

१२.**<u>दण्ड जरिवाना</u>** यस ऐन बमोजिम अदालतले दिएको आदेश कार्यन्वयन नगर्ने व्यक्ति वा

सम्वन्धित पदाधिकारीलाई जिल्ला अदालतले रु १०,००० सम्म जरिवाना गर्न र उपयुक्त विभागिय कारवाही गर्न सम्वन्धित निकायलाई लेखि पठाउन सक्नेछ । यसरी गरिएको जरिवाना सरकारी वाँकि सरह अशुल उपर गरिनेछ ।

१३.**<u>पुनरावेदन सम्बन्धी व्यबस्था</u>** यस ऐन बमोजिम जिल्ला अदालतले गरेको दण्ड जरिवाना वा अन्तिम आदेशमा चित्त नवुभ्ने पक्षले फैसला प्राप्त भएको मितिले १५ दिन भित्र सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ । त्यसरी पुनारावेदन पर्न आएमा सम्वन्धित उच्च अदालतले समेत यसै ऐन बमोजिमको म्याद र कार्यविधि अवलम्वन गरी मुद्धाको कारवाही र किनारा गर्नु पर्नेछ ।

१४. **<u>म्याद वा तारेख थाम्न सकिने</u>** - यस ऐन बमोजिम प्राप्त म्याद बमोजिम लिखित जवाफ फर्काउन वा पुनरावेदन दर्ता गर्न नसकिने कावु बाहिरको परिस्थिति देखिएमा सम्बन्धित अदालतले बढीमा सात दिन सम्मको म्याद वा तारेख थमाइ दिन सक्नेछ ।

## परिच्छेद सात

## मानव अधिकार रक्षक कोष

**१५.मानव अधिकार रक्ष <u>कोष</u>** परिषद्मा एक कोष रहनेछ । जसमा देहायबमोजिमको रकम जम्मा हुनेछ ।

(क) सरकारी वा गैर सरकारी क्षेत्रबाट परिषदलाई अनुदान सहयोग वा ऋण वापत प्राप्त हुने रकम ।

(ख) व्यक्तिगत वा संस्थागत रुपमा तोकिए बमोजिम मानव अधिकार रक्षकहरूवाट प्राप्त सदश्यता शुल्क ।

(ग) स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थावाट प्राप्त सहयोग रकम ।

(घ) परिषदको चल अचल संपत्तिवाट प्राप्त रकम ।

(ङ) यस ऐन बमोजिम जरिबाना वापत प्राप्त रकमको आधा रकम ।

(च) अन्य श्रोतवाट प्राप्त रकम ।

१६. **<u>कोषको संचालन</u>** कोषको संचालन अध्यक्ष वा निजले तोकेको कुनै सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद आठ

## विविध

**१७.<u>नियमावली वनाउन सक्ने</u>** परिषद्ले ऐनको उद्देश्य पूर्तिका लागि आवश्यक नियमावली बनाउन सक्नेछ । परिषद्द्वारा निर्मित नियमावली गृहमन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**१८. <u>नेपाल सरकारसँग सम्पर्क</u>** परिषद्ले नेपाल सरकारसँग सम्पर्क गर्दा नेपाल सरकार गृह मन्त्रालय मार्फत गर्न सक्नेछ ।

**१९.<u>कार्यालय</u>** परिषद्को केन्द्रीय कार्यलय काठमाण्डौंमा रहनेछ । नेपाल सरकारलाई अग्रीम जानकारी गराएर आवश्यकता अनुसार प्रदेश स्तरमा प्रादेशिक कार्यलय वा सम्पर्क कार्यलयहरू खोल्न सकिनेछ । त्यसरी कार्यालय नखोलिए सम्म राष्ट्रिय मानव अधिकार आयोगको अग्रिम सहमतिमा राष्ट्रिय मानव अधिकार आयोगमा परिषद्को कार्यालय रहन सक्नेछ ।

**२०. <u>परिषद् पदाधिकारी तथा कर्मचारीको खर्चसम्बन्धी व्यवस्था</u>** परिषद्का पदाधिकारीलाई मासिक पारिश्रमिकको व्यवस्था गरिने छैन । बैठक भत्ता तथा अन्य सुविधा तोकिय बमोजिम हुनेछ ।

**२१.<u>प्रचलित कानुन बमोजिम हुने</u>** यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम र अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

**२२ . <u>अदालतको अपहेलनामा कारवाही चलाउन सकिने</u>** यस ऐन बमोजिमको मुद्दाको सिलसिलामा अदालतले दिएको आदेश कार्यान्वयन नगर्ने वा अदालतको काम कारबाहीमा वाधा व्यवधान उत्पन्न गर्ने व्यक्तिलाई सम्बन्धित अदालतले प्रचलित कानुन बमोजिम अदालतको अपहेलनामा कारबाही चलाउन सक्नेछ ।